# कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता कार्यक्रमको लागि कार्य विवरण

**(Terms of Reference)**

१. पृष्ठभूमि:

निजी तथा गैर सरकारी क्षेत्रसंगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय स्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट नगरका सानाकिसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले "त्रियुगा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९" ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी संस्था र त्रियुगा नगरपालिका बीच बहुवर्षिय रुपमा कृषि तथा पशुविकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता परियोजना सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ।

२. मुख्य उद्देश्य:

यस परियोजनाको मुख्य उद्देश्य नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्य... प्रदान गर्नु रहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, सानाकिसानहरुको वित्तिय पहुंच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरु मार्फत आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुऱ्याउने रहेको छ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- गरिव तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वित्तिय सेवाहरुमा पहुँच तथा बजारसगको सम्वन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी वृद्दि गर्नु,
- सानाकिसान तथा आपुर्ति श्रृंखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्दि गर्नु,
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ वनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृंखालाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

- कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध सानाकिसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुंजी अभिवृद्दि गर्नु,
- वजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्ति वृद्दि गर्नु,
- साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसंग सम्वन्धित उद्यमलाई नाफामूलक बनाउन मद्धत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तिय सेवाको पहुँचमा वृद्दि गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि बीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृंखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्दि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्दि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा वजार विकास सम्वन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,

७८/०१/१९

प्रमुख प्रशासकीय अधिकृत

- सीमित कृषि तथा पशुवस्तुहरूको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरूको सक्षमता अभिवृद्धि गर्ने,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्ने ।

३ परियोजना कार्यान्वयन प्रबन्ध

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित घरपरिवारहरूलाई समेट्ने, उनीहरूलाई परियोजनाबाट लाभान्वित गराउने, आदि विषय समायल कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेका हकमा सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरू तथा ति निकायहरूको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

४ आवश्यक जनशक्ति

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरूको व्यवस्थापन तथा परिचालन प्रक्रिया बारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

५ प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

यस परियोजना नगरपालिकाका ११ वटा वडाहरूमा सञ्चालन गरिने छ । नगरपालिकाका कुल घरधुरी २०,७१४ मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरू जम्मा ३,६०० हुनेछन् । भने अप्रत्यक्ष रुपमा ३,२०० घरधुरीहरू सलग्न हुनेछन् । यस बाहेक परियोजनाले ४०० युवाहरूलाई सबै १६ वडाहरूमा युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ ।

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरूको विवरण निम्नानुसार रहेकोछ ।

| वडा नं | स्थान | जम्मा घरधुरी | परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | जागीदह | ९,४४ | २६० | २०० | ४६० |
| २ | मार्थीयाङ | ११८६ | २६० | २०० | ४६० |
| ३ | मालीगडा | १६७२ | ३८५ | २०० | ५८५ |
| ४ | बगाहा | ११४६ | २६० | २०० | ४६० |
| ५ | दडुरी | १५३३ | ३८५ | २०० | ५८५ |
| ६ | जलजल | १४६४ | ३८५ | २०० | ५८५ |
| ७ | चुहाई | १६१८ | ३८५ | २०० | ५८५ |
| ८ | गजावास | १३०० | ३८५ | २०० | ५८५ |
| ९ | गैरन | ११३७ | २६० | २०० | ४६० |
| १० | वास्त | १५४१ | | २०० | २०० |
| ११ | गाडघाट | १५४३ | | २०० | २०० |

Omp

०७६।०३।१९

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | पुरानो गाईघाट | १०८५ | | २०० | २०० |
| १३ | बगाही | १३६७ | ३८७ | २०० | ५८७ |
| १४ | माउने | ५५५ | | २०० | २०० |
| १५ | माबु | ८१३ | २६० | २०० | ४६० |
| १६ | चिल्याउने | ८०४ | | २०० | २०० |
| | जम्मा | २००५४ | ३६०० | ३२०० | ६८०० |

६. परियोजना अवधि:

यस परियोजनाको समयावधि ३ वर्ष ५ महिनाको हुनेछ । परियोजना शुरु हुने मिति:२०७९।११।०१ रहनेछ ।

७. परियोजनाको कुल लागत:

प्रस्तावित बहुवर्षीय परियोजनाका लागि यस नगर/गाउँपालिकाले पहिलो वर्ष रु २५,००,०००।- (रु पच्चिस लाख मात्र) विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत ५,००,००,०००।- (रु पाँच करोड मात्र) हुनेछ । यस बाहेक प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ ।

८. अपेक्षित परिणाम

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृंखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशु उद्यमीहरुको वित्तिय सेवामा पहुँच अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको आन्तरिक/बाह्य बजारमा बिक्री वितरणमा वृद्धि